**फक्ताङलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**तापेथोक, ताप्लेजुङ**
**१ नं. प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ३ मितिः २०७९/११/०४

**भाग-२**

कार्यपालिकामा पेश मिति : २०७९/११/०४
कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/११/०४

## फुसको छानो हटाउने कार्यक्रमको कार्यविधि, २०७९

<u>प्रस्तावना:</u> स्थानीय विकास प्रक्रियामा यस फक्ताङलुङ गाउँपालिकाको टोल तथा बस्तीमा रहेका एकल महिला, अपांगता भएका व्यक्ति, गरिब तथा विपन्न वर्गको फुसको छानोयुक्त घर बर्षायाममा चुहिने समस्या तथा जाडोयाममा आगलागीको उच्च जोखिमका कारण हटाउन लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(२) तथा फक्ताङलुङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ बमोजिम मिति २०७९/११/०४ गतेको गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो कार्यविधिको नाम "फुसको छानो हटाउने कार्यक्रमको कार्यविधि,२०७९" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले फक्ताङलुङ गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ख) "एकल महिला" भन्नाले संघीय सरकारले सामाजिक सुरक्षा भत्ता वितरण प्रयोजनको लागि परिभाषित गरिएका एकल महिलालाई सम्झनु पर्छ ।

(ग) "अपांगता भएका व्यक्ति" भन्नाले फक्ताङलुङ गाउँपालिकाको अपांगता परिचय पत्र वितरण कार्यविधि अनुसार पर्ने अपांगता भएका व्यक्तिलाई सम्झनु पर्छ ।

(घ) "विपन्न वर्ग" भन्नाले राजनैतिक, आर्थिक तथा सामाजिक दृष्टिकोणले पछि परेका व्यक्ति वा समूहलाई सम्झनु पर्छ ।

(ङ) "गरिब" भन्नाले दैनिक जिवीकोपार्जन गर्न असमर्थ नेपाल सरकारले तोकेको आयभन्दा न्यून आय भएका व्यक्ति वा समूदाय सम्झनु पर्छ।

(च) "वडा" भन्नाले गाउँपालिकाको वडालाई सम्झनु पर्छ।

<u>**परिच्छेद- २**</u>

<u>**माग संकलन सम्बन्धी व्यवस्था**</u>

३. <u>निवेदन माग गर्ने</u>**:** (१) गाउँपालिकाले सम्बन्धित वडा कार्यलय मार्फत फुसको छाना भएको घर हटाउन माग संकलन गर्न १५ दिने सूचना जारी गरि निवेदन माग गर्नेछ ।

४. <u>निवेदनसाथ पेश गर्नुपर्ने कागजात</u>: (१) माग संकलन गर्न सूचना जारी गर्दा निवेदन साथ देहायका कागजात समेत संलग्न गरी निवेदन माग गर्नेछ :-

(क) नेपाली नागरिक भई सम्बन्धित वडामा अविच्छिन्न रुपमा बसोबास गरेको खुल्ने वडाको सिफारिस,

(ख) सम्बन्धित वडाको मतदाता नामाबलीमा नाम भएको प्रमाण,

(ग) एकल महिला भए एकल महिला खुल्ने प्रमाण वा कागजात,

(घ) अपांगता भएको व्यक्तिले अपांगता खुल्ने परिचय पत्र वा प्रमाण पत्र,

(ङ) विपन्न वर्गको लागि वडा कार्यालयबाट विपन्न रहेको सिफारिस,

(च) फुसको छानो भएको घरको फोटो ।

# परिच्छेद-३

## लाभग्राही छनौट तथा कार्यान्वयन प्रकृया

५. लाभग्राही छनौट: (१) कार्यपालिकाको सूचना बमोजिम वडा कार्यालय मार्फत संकलन भएका निवेदन उपर आवश्यक जाँचबुझ गरी गाउँ कार्यपालिकामा नामावली सिफारिस गर्नेछ ।

६. लाभग्राही छनौटका आधार तथा प्राथमिकता: (१) वडा कार्यालयले लाभग्राही छनौट गर्दा देहायका आधार तथा प्राथमिकता निर्धारण गर्नुपर्नेछ :-

(क) एकल महिला,

(ख) अपांगता भएका व्यक्ति वा परिवार,

(ग) विपन्न वर्ग तथा दलित समुदाय,

(घ) अन्य ।

७. कार्यान्वयन प्रकृया:-

(१) कार्यालयबाट प्राप्त लाभग्राहीलाई देहाय बमोजिम प्रकृया पूरा गर्नुपर्नेछ :-

(क) वडा कार्यालयको सिफारिसका आधारमा छनौट भएका गाउँ कार्यपालिकाबाट फुसको छानो हटाउन कार्यादेश लिने,

(ख) गाउँ कार्यपालिकाले तोकिएको म्यादभित्र फुसको छानो हटाई घर मर्मत वा नयाँ घर निर्माण गर्ने,

(ग) वडा कार्यालय मार्फत घर निर्माण सम्पन्नता सिफारिस गाउँ कार्यपालिकामा पेश गर्ने,

(घ) गाउँ कार्यपालिकाबाट वडा कार्यालयको समन्वयमा प्राविधिक कर्मचारी खटिई अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) प्राविधिकको लागत मूल्याङ्कन बमोजिम प्रति लाभग्राही बढीमा रू.५०,०००/- अक्षरेपी रू. पचास हजार मात्र गाउँ कार्यपालिकाले सम्बन्धित लाभग्राहीको बैंक खाता मार्फत भुक्तानि गर्ने।

## <u>परिच्छेद-४</u>
## <u>विविध</u>

८. <u>गुनासो वा उजुरी गर्न सक्ने</u>: (१) लाभग्राही छनौट सिफारिस उपर चित नबुझेमा कुनै पनि स्थायी बासिन्दाले गाउँपालिकामा दफा ९ बमोजिमको गुनासो सुनुवाई समिति समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गुनासो परेमा वा उजुरी आएमा गुनासो व्यवस्थापन समितिले सोको यथार्थ छानविन गरि समितिको रायसहितको प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

९. <u>गुनासो व्यवस्थापन समिति:</u> (१) उपदफा ८ बमोजिम गुनासो वा उजुरी छानविन गर्न देहायको गुनासो व्यवस्थापन समिति रहनेछ :-

| | |
|---|---|
| **(क) गाउँपालिका उपाध्यक्ष** | **संयोजक** |
| **(ख) गाउँ कार्यपालिकाले तोकेको एकजना महिला सहित दुई जना सदस्य** | **सदस्य** |
| **(ग) कानूनी सहजकर्ता** | **सदस्य सचिव** |

(२) गुनासो व्यवस्थापन समितिले पेश गरेको प्रतिवेदनमा यथार्थ अन्याय भएको लागेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय लिन सक्नेछ ।

१०. <u>कारवाही गरिने :</u> राज्यबाट अनुचित लाभ लिने उद्धेश्य गलत सूचना तथा तथ्याङ्क उपलब्ध गराई यस कार्यक्रममा सहभागी भएको प्रमाणित भएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ । साथै गाउँपालिकाले उपलब्ध गराएको अनुदान रकम हिनामिना गरेको वा तोकिएको बाहेक अन्य काममा प्रयोग गरेको पाइएमा त्यस्तो व्यक्तिलाई कारवाही गरी अनुदान बापतको रकम असुल उपर गरिनेछ ।

११. <u>बाधा अड्काउ फुकाउन सक्ने</u>: यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१२. <u>यसै कार्यविधि बमोजिम भएको मानिने:</u> यस कार्यविधि लागू हुनुभन्दा अघि फुसको छानो हटाउने सम्बन्धी गाउँपालिकाबाट सम्पादन भएका काम कारवाही नबाझिएको हदसम्म यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१३. <u>कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने</u>: (१) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

**<u>आज्ञाले</u>**
**<u>नबिन तेम्बे</u>**
**<u>प्रमुख प्रशासकीय अधिकृत</u>**